कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कारोबार गर्न इजाजत प्राप्त

# स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड

# Swastik Laghubitta Bittiya Sanstha Ltd.

रजिष्टर्ड ठेगानाः लहान नगरपालिका वडा नं.८, सिरहा, फोन नं. ०३३-५६३०६७
इमेलः info@swastikmicrofinance.com वेबसाइटः www.swastikmicrofinance.com

## साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेडको आफ्नो जारी पूँजी रु. ५,७७,५०,०००/- (अक्षरेपी पाँच करोड सतहत्तर लाख पचास हजार रुपैयाँ मात्र) को ४०% ले हुन आउने रु. २,३१,००,०००/- (अक्षरेपी दुई करोड एकतीस लाख रुपैयाँ मात्र) रकम बराबरको प्रति शेयर रु. १००/- अंकित दरको २,३१,००० कित्ता साधारण शेयर मध्ये ०.५०% (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम रहेको) ले हुन आउने १,१५५ कित्ता शेयर कर्मचारीहरुलाई र ५% ले हुन आउने ११,५५० कित्ता शेयर सामूहिक लगानी कोषको लागि तथा १० प्रतिशतले हुन आउने २३,१०० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि सुरक्षित गरेको शेयर निष्काशन तथा बाँडफाँट पश्चात् बाँकी रहेको १,९५,१९५ कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि मिति २०८२ श्रावण ३० गते शुक्रबारदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा **आज मिति २०८२ भाद्र ०३ गते बैंकिङ्ग समय पश्चात्** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

यस निष्काशन कार्यमा संलग्न सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधारमानी सर्वसाधारणहरुको लागि निष्काशन गरिएको साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ भाद्र ०३ गते बैंकिङ्ग समय पश्चात्** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

| | |
|---|---|
| **दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्याः १० कित्ता** | **दरखास्त दिन पाउने अधिकतम शेयर संख्याः ५,००० कित्ता** |

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु. १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**कम्पनीको नेटवर्थ, प्रति शेयर आम्दानी र सञ्चित नाफा/नोक्सानसँग सम्बन्धित वास्तविक तथा प्रक्षेपित संक्षिप्त विवरणः**

| विवरण | वास्तविक | | | अपरिष्कृत आ.व २०८१/८२ चैत्र मसान्तसम्म | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ |
| प्रति शेयर नेटवर्थ (रु.) | १५६.२८ | १७८.९१ | १७१.७८ | १९१.४० | २०३.९४ | १८४.९५ | १९४.१६ |
| प्रति शेयर आम्दानी (रु.) | २०.१४ | १०.४० | (३.९८) | ७.३३ | ३०.६६ | २२.५८ | २६.५० |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | १९,५०० | २७,३४३ | २४,८७१ | ३१,६७१ | ३६,०१५ | ४९,०५६ | ५९,८१३ |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

**यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "ICRANP –[IR] B@" रेटिङ्ग प्राप्त गरेको छ । "ICRANP –[IR] B@" ले "High Risk of Default Regarding Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ । इक्रा नेपाल लिमिटेडले NPAA (Is) देखि ICRA-NPC (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRAR-NP AA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "ICRAR-NPC (Is)" ले नकारात्मक आधारहरू जनाउँछ । सो रेटिङ्ग मिति १७ डिसेम्बर २०२४ मा प्रदान गरेको छ र सो रेटिङ्गको बहाल अवधि १६ डिसेम्बर २०२५ सम्म रहेको छ ।**

*यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२ श्रावण २१ गतेको "अन्नपूर्ण पोष्ट"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेबसाइटः www.swastikmicrofinance.com, नेपाल धितोपत्र बोर्डको वेबसाइटः www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइटः www.nabilinvest.com.np मा रहेको "**विवरणपत्र**" हेर्नुहुन अनुरोध गर्दछौं ।*

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वःविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**NABIL® INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**
**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**

नारायणचौर, नक्साल, काठमाण्डौ
फोनः ४५११६०४/४५११७३३, फ्याक्सः ४५१०५५४
Email: info@nabilinvest.com.np | URL: www.nabilinvest.com.np